## LETTER TO EDITORS

Mr. Dhruba Narayan Manandhar (Pest and Pesticide Management Expert, phone 4429604) writes to the Editor-in-Chief regarding an article entitled 'Knowledge, practice and use of pesticides among commercial vegetable growers of Dhading district, Nepal' published in *The Jou. of Agri. and Env., vol.11* (2010), pp. 95-100.

बिषय : बिषादी सम्बन्धि पेपर बारे संक्षिप्त टिप्पणी ।

Dr. Hari Dahal
Editor-in- Chief
The Journal of Agriculture and Environment
MoAC, Singh Durbar, Kathmandu.

कृषि तथा सहकारी मन्त्रालयबाट प्रकाशित 'The Journal of Agriculture and Environment को vol. 11, June 2010 को अंकमा प्रकाशित 'Knowledge, Practice and Use of Pesticides among Commercial Vegetable Growers of Dhading District, Nepal' सम्बन्धमा छोटो टिप्पणी लेख्दै छु।

१. एक जिल्लाको ३० जना कृषकसँग अन्तर्वार्ता लिई लेखिएको पेपरलाई Review Paper भन्नु उचित होला र ? यस बिषयमा Editorial Board का बिशिष्ट Member हरुले छलफल गरेकै हुनुपर्ने हो ।

२. यस पेपरमा उल्लेखित (Page 96, second para ) - ' The pesticide import ......the public data so far' - पुरै Para, word by word, November 2009 मा प्रस्तुत मेरो Paper 'Review of Pest and Pesticide Management in Nepal बाट copy गरेको पाईयो तर authors ले reference दिन लाज मानेको देखिन्छ। Authors मध्ये तेस्रो author प्रोफेसर र PhD समेत गरेको र दोस्रो author - senior officer र कुनै Journal को editorial member भएको हुँदा यसरी कुनै बिषयलाई Copy गर्दा reference दिनु पर्छ भन्ने अवश्य पनि जानकारी भएको हुनुपर्दछ । तसर्थ: यो जानीजानी गरिएको Cheating र dishonest हो भन्छु । अत: ति authors लाई Editorial Bord ले कम्तिमा सचेत गराउनु जरुरी ठान्दछु ताकी यस्तो गल्ती पुन: नदोहऱ्याइयोस ।

३. यस पेपरको बाकी भागमा editing भएको महसुस हुँदैन । लेखको स्तर हेर्दा 'Information sharing' भन्दा पनि 'Just for the sake of publication' मात्र हो की भन्ने भान हुन्छ । Page 96, पांचौ para मा लेखिएको छ -'No previous research reports are available for pesticide use in vegetables for Dhading district'। अध्ययन र खोज नगरी Journal को लेखमा यस्तो statement लेख्नु उचित होईन । Journal को Guidelines मा 'Following editorial scrutiny, the manuscripts are subject to rigorous peer review' भनिएको छ तर Editorial Board ले यसलाई पालना गरिएको छैन की ?

४. भविष्यमा MoAC वाट प्रकाशित यस Journal मा प्रकाशित हुने लेखहरु Journal को गरिमालाई ध्यानमा राखी पुर्ण editing गरी स्तरीय लेखहरु मात्र समावेश गर्नु हुनेछ भन्ने विश्वास लिएको छु।

टिप्पणीकर्ता
ध्रुव नारायण मानन्धर
मिति २०६७।७।१५

## EDITORIAL ACKNOWLEDGEMENT

Dear Readership,

The Editorial Board acknowledges the remarks and suggestions raised in the letter regarding impeccability of the journal. We assure readership of our continual effort for improving the journal's quality, and hope that the author(s) would adhere the sensitivity of the issue and the writer's ethics. Regarding the second issue raised, the respective authors have referred 'the content in the aforementioned paragraph in the article' to PRMD, 2009. Due to lack of further evidences, the Editorial Board visualizes no scope to charge the authors of any plagiarism.

Editor-in-Chief